**नेपाल नागरिक उड्डयन प्राधिकरण**

प्राविधिक सेवा, एट्रास समूह, आठौं तह, उपप्रवन्धक पदको

नमूना प्रश्नपत्र

**पत्र : प्रथम**

**समय : ३ घण्टा**

**विषय : व्यवस्थापन तथा कानून** **पूर्णाङ्क १००**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

**खण्ड क** **५० अङ्क**

१. नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरु कतिपय अवस्थामा बढी नै तनावग्रस्त देखिनुका संगठनात्मक कारणहरु के के हुन सक्दछन् ? स्पष्ट गर्दै तनाब हटाउन कर्मचारी स्वयं र संगठनको के कस्तो भूमिका रहन्छ ? विश्लेषण गर्नुहोस्। ५+५+५=१५

२. संगठनका लागि व्यवस्थापन सूचना प्रणाली किन महत्वपूर्ण छ ? यसले संगठनले गर्ने सेवा प्रवाहमा खेल्न सक्ने भूमिकाबारे उदाहरण सहित उल्लेख गर्नुहोस्। ८+७=१५

३. नेपालमा हवाई उडान, संचार, पथ प्रदर्शन र परिवहन सेवा संचालन प्रभाबकारी, सुरक्षित र स्तरीय बनाउन प्राधिकरणले हवाई यातायात सेवा तथा सुविधा विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ ले व्यवस्था गरेको भए तापनि हवाई उडान समेत प्रभावकारी हुन सकेको छैन भन्ने गुनासोहरु आइरहेको सन्दर्भमा विद्यमान प्राधिकरण ऐनमा के कस्ता व्यवस्थाहरु समावेश भएको अवस्थामा उक्त कार्यहरु प्रभावकारी रुपमा गर्न सकिन्छ ? ठोस् सुझाव प्रस्तुत गर्नुहोस्। २०

**खण्ड ख** **५० अङ्क**

४. विद्यमान हवाई सुरक्षा व्यवस्था नियमावलीले हवाई सुरक्षाको सन्दर्भमा गरेका मुख्य मुख्य व्यवस्थाहरु उल्लेख गर्दै सो नियमावलीमा रहेका कमजोरी सुधारका लागि सुझाव दिनुहोस्। ७+८=१५
२०

५. नेपालको वर्तमान संविधानले लोक सेवा आयोगलाई प्रदान गरेको काम, कर्तव्य र अधिकारको उल्लेख गर्दै संगठित संस्थाहरुको सन्दर्भमा लोक सेवा आयोगको भूमिकाबारे चर्चा गर्नुहोस्। ८+७=१५

६. सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन खोजेको छ। तर ऐनले लिएको उद्देश्यप्रति राज्यका निकायहरु जिम्मेवार देखिएका छैनन्। यस सन्दर्भमा यो कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न के गर्न उपयुक्त हुन्छ ? कार्यान्वयन योग्य सुझाव दिनुहोस्। २०

**समाप्त**

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्राविधिक सेवा, एयर ट्राफिक सर्भिसेज समूह, आठौ तह, प्रवन्धक पदको

नमूना प्रश्नपत्र

**पत्र : द्वितीय**

**समय : ३ घण्टा**

**विषय : सेवा सम्वन्धी** **पूर्णाङ्क १००**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

१ What are the critical elements of a Safety Oversight System? Name at least 5 among them. १५

२ What are the contents of Flight Plan? On What conditions submission of Flight Pan is required. १५

३ Distress मेसेज, Distress signal र urgency मेसेज, urgency signals दुवै एकै हुन् जस्तो लाग्छ, लाग्दैन ? किन यस्तो मेसेज अथवा Signals का बारेमा चर्चा गर्नुपर्‍यो । यिनका Priority के के हुन? १५

४ What are the provisions made in MAST Nepal relating to Press and General Public. १५

५ हाल नेपालमा त्रिभुवन अन्तरष्ट्रिय विमानस्थलको सुधार तथा विस्तार कार्यको साथै गौतमबुद्ध क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल निर्माणको कार्य शिघ्र सम्पन्न हुने चरणमा छ । यति हुँदाहुदै पनि नेपाल जस्तो सानो देशमा अर्को ठूलो अन्तराष्ट्रिय विमानस्थल परियोजना निजगढको दोश्रो अन्तराष्ट्रिय विमानस्थलको औचित्य बारे विवेचना गर्नु होला । २०

६ नेपालको वायु क्षेत्रीय सुरक्षित हवाई उडान संचालन गर्ने उद्देश्यले स्थापना भएका Air Route हरु Control Areas र Control Zone का बारेमा छोटकरीमा टिपोट गर्दै त्यस्ता Air Routes र Control Areas, Control Zone को अलावा Uncontrolled Airspace अर्थात उडान सुरक्षामा दिइएको ध्यानहरुको बारेमा चर्चा गर्नुहोस् । के हवाई उडान सुरक्षामा हालसम्म दिइएका ध्यान र सुरक्षा प्रयास प्रति तपाई सन्तुष्ट हुनुहुन्छ? थप के सुधार गर्दा उपयुक्त हुन्छ जस्तो लाग्छ? सुझाउनुहोस् । २०

**The End**